RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 79-86

# पाश्चात्य सन्दर्भमा विज्ञान आख्यानका ऐतिहासिक मोडहरू

**विष्णुप्रसाद ज्ञवाली (विद्यावारिधि)***

## लेखसार

*प्रस्तुत लेख विज्ञान आख्यानको पाश्चात्य परम्परामा देखापरेका ऐतिहासिक मोडको विमर्शमा आधारित छ । वैज्ञानिक अन्तर्वस्तुमा आधारित हुने विज्ञान आख्यानको आरम्भ र विकासको सन्दर्भ पाश्चात्य साहित्यसँग प्रत्यक्ष जोडिएको छ । प्रारम्भमा अङ्ग्रेजी भाषा साहित्यबाट सुरु भएको देखिने विज्ञान आख्यान अहिले संसारका विभिन्न भाषा साहित्यमा विस्तारित भएको छ । प्रस्तुत लेखमा पाश्चात्य साहित्यमा विज्ञान आख्यानको विकासका सन्दर्भमा के कस्ता मोडहरू देखापरेका छन् भन्ने समस्याको समाधान खोज्ने प्रयास भएको छ । यसका निम्ति पुस्तकालयीय स्रोतबाट सङ्कलित द्वितीयक सामग्रीको उपयोग गरिएको छ । उपयोगमा ल्याइएका त्यस्ता सामग्रीको विश्लेषणका निम्ति ऐतिहासिक विश्लेषण विधि अवलम्बन गरिएको छ । विश्लेषित सामग्रीका आधारमा विज्ञान आख्यानको पृष्ठभूमिमा लामो परम्परा जोड्न सकिने भए पनि मेरी सेलीको फ्राङ्किन्स्ट्यानबाट आरम्भ भएको विज्ञान आख्यान जुल्स ग्याब्रियल भर्ने, एच.जी. वेल्स, ह्युगो ग्रिन्सबक, जोन डब्ल्यु क्यापवेलका सिर्जनात्मक कार्यबाट विकसित र विस्तारित भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** विज्ञान आख्यान, वैज्ञानिक अन्तर्वस्तु, स्वर्णकाल, समाज विज्ञान ।

## विषय परिचय

विज्ञान आख्यानको आरम्भ पशिचमा साहित्यबाट भई विश्वका अन्य भाषा साहित्यमा विस्तारित भएको हो । विज्ञान आख्यान वैज्ञानिक अन्तर्वस्तुमा आधारित हुन्छ । पश्चिममा विज्ञान प्रविधिको विकासले सामाजिक जीवनमा प्रभाव पार्न थालेपछि त्यसको सिर्जनात्मक प्रतिक्रिया स्वरूप विज्ञान आख्यानले विधागत पहिचान पाएको देखिन्छ । यस धारणामा अधिकांश साहित्यिक इतिहासकारहरू र समालोचकहरू सहमत देखिन्छन् । केही अध्येताहरूले भने यसको इतिहासलाई विज्ञानको आधुनिक सन्दर्भभन्दा धेरै पूर्वको समयसम्म लम्ब्याउने प्रयास गरेका छन् । यी सन्दर्भबाट विज्ञान आख्यानको आरम्भलाई हेर्ने भिन्न भिन्न दृष्टिकोण छन् भन्ने कुरा बुझ्न मदत गर्छ । साहित्यिक परम्परामा नवीता विषयवस्तु र चिन्तनका साथ आरम्भ भएको विज्ञान आख्यान विभिन्न मोडहरू पार गर्दै अगाडि बढेको देखिन्छ । यस क्रममा विज्ञान आख्यानबारेका विभिन्न धारणाहरू पनि विकास भएका छन् । साहित्यिक इतिहासमा यस किसिमका धारणागत भिन्नतालाई स्वाभाविक नै मानिन्छ । आधुनिक नेपाली साहित्यमा पनि विज्ञान आख्यानको रचना भएको छ । त्यस्ता आख्यानको ऐतिहासिक पृष्ठभूमि पहिल्याउने क्रममा यहाँ पनि पश्चिममा जस्तै धारणागत विमति देखा पर्छन । विशेषतः पश्चिममा विज्ञान आख्यानको अरम्भ र विकासमा के कस्ता मोडहरू रहेका छन् भन्ने समस्यामा आधारित यस लेखले विज्ञान आख्यानमा रुचि राख्ने पाठक तथा अध्येतालाई यसको ऐतिहासिक सन्दर्भबारे ठोस धारणा

* नेपाली विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ । bgyawali62@gmail.com

बनाउन मदत पुग्ने अपेक्षा गरिएको छ । तसर्थ प्रस्तुत लेखमा उठाइएको समस्या प्राज्ञिक दृष्टिकोणले शोध्य र औचित्यपूर्ण रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा उठान गरिएको समस्याको विमर्शका निम्ति द्वितीय स्रोतका सामग्रीको उपयोग गरिएको छ । पुस्तकालय स्रोतबाट त्यस्ता सामग्री चयन गरिएको छ । विज्ञान आख्यानको अध्ययन गर्ने विभिन्न विद्वान्हरूले यसको इतिहासका बारेमा अभिव्यक्त गरेका धारणाहरूलाई छलफलका निम्ति आधार बनाइएको छ । विज्ञान आख्यानको विकाससँग जोडिएका मुख्य घटना र तिनको विवेचना गर्नका निम्ति प्रस्तुत लेखमा ऐतिहासिक व्याख्या विश्लेषणको विधि अवम्बन गरिएको छ ।

## आख्यानको विषयगत भेद : विज्ञान आख्यान

साहित्यका कविता, नाटक, आख्यान र निबन्ध गरी चार मुख्य भेद छन् । आख्यानको विषयगत भेदअन्तर्गत विज्ञान आख्यान समेटिन्छ । अधिक समान धर्म भएका कथा र उपन्यासलाई समेट्नका निम्ति अङ्ग्रेजीमा फिक्सन र नेपाली आख्यान शब्द प्रचलित छ । त्यसैले विज्ञान आख्यान साहित्यको छुट्टै विधा होइन भन्ने कुरामा प्रथमतः प्रस्ट हुनु आवश्यक छ । आख्यानमा हुनुपर्ने आधारभूत तत्त्व कथानक, पात्र, परिवेश, विचार तथा भाषाशैलीगत सुन्दरता र विश्वसनीयता विज्ञान आख्यानमा पनि अपेक्षित हुन्छ । विज्ञान आख्यान आख्यानको रचनागत शिल्प सौन्दर्य तथा संरचना दुवै पक्षको साझेदार हुन्छ । एकत्वको नियम, कथानक संरचना, चरित्र र चरित्र चित्रण, भावको सुसङ्गठन तथा आख्यानका अन्य सबै नियम यसमा पनि अनिवार्य हुन्छन् । त्यसैले यो आख्यानका अन्य भेदभन्दा भिन्न छैन (हाइलेन, सन् १९७७, पृ. १८) । विज्ञान आख्यानको रचना सामान्य किसिमको कल्पनाका आधारमा नहुने हुनाले यसले वर्तमान भोगाइका सौन्दर्यात्मक अभिव्यक्तिभन्दा विज्ञान प्रविधिमा आधारित निकट वा सुदूर भविष्यको संसारको प्रतिबिम्बन गर्ने सामर्थ्य राख्नु पर्छ । यसका निम्ति विषयबारे पर्याप्त ज्ञान भएर मात्र पुग्दैन, उच्चतम कल्पना सामर्थ्य पनि आवश्यक हुन्छ । अन्य आख्यानले जस्तै विज्ञान आख्यानले पनि मनोरञ्जनको लागि केही गर्नै पर्छ र त्यो मानवीय भोगाइका अनुकल्पनासँग निकट हुन्छ । तार्किक र सुसङ्गत ढाँचामा परिकल्पित संसारको संरचना, समाज, संस्कृति सृजना गर्नु आफैमा जटिल कार्य हो (हाइलेन, सन् १९७७, पृ. २०) । विज्ञान कथाको विषयवस्तु वैज्ञानिक खोज-आविष्कार, नवीन सम्भावना, त्यसको प्रयोग र प्रभाव, यान्त्रिक समाजका अनुभूति र संस्कृति, नवीन सभ्यता खोजका सम्भावना, अन्य ग्रहका यात्रानुभूति, मानव सभ्यता तथा ब्रह्माण्ड अवसानका सन्त्रास आदिमा आधारित हुन्छ भने वैज्ञानिक, इन्जिनियर, डाक्टर, अन्तरिक्ष यात्री, अन्वेषक, कृत्रिम बुद्धिसहितका यन्त्र, अन्य ग्रहका कल्पित प्राणी आदिलाई चारित्रिक भूमिकामा प्रयोग गरिन्छ । विज्ञान र प्रविधिका सैद्धान्तिक तथा प्रायोगिक क्षेत्रसँग सम्बद्ध पद तथा पदावली, सूत्रीय अभिव्यक्ति, प्राक्कल्पनासँग सम्बन्धित अपरिचित र नवीन प्रयोगले विज्ञान कथाको भाषा जटिल बन्ने देखिन्छ (श्रेष्ठ, २०६६, पृ. ६१) भने कथामा प्रस्तुत हुने काल्पनिक संसारसँग पाठक परिचित नहुने हुँदा त्यसलाई विश्वसनीय बनाउनका निम्ति कथाकार सचेततापूर्वक कार्यपीठिकाको निर्माणमा लाग्नु पर्ने हुन्छ । यसमा अभिव्यक्त हुने विचार वा सन्देश आख्यानात्मक शिल्पबाटै

परिपाकमा पुग्छ । कथा सौन्दर्यको मर्मलाई केन्द्रमा राखी विज्ञान प्रविधिका आविष्कार, प्रयोग र प्रभावबारे सिर्जनात्मक प्रतिक्रियासहित तिनका आगामी सम्भावना प्रस्तुत गर्दै कल्पनाको विराट् संसार निर्माण गर्ने हुनाले यो लेखक र पाठक दुवैका लागि कल्पना शक्तिको विस्तार गर्ने माध्यम बन्न सक्छ । विज्ञान कथामा आउने यी सबै पक्ष विषय क्षेत्रका दृष्टिले भिन्न छन् तर कथाका संरचक तत्त्वलाई यसले पनि अवलम्बन गर्नाले यस आधुनिक आख्यानको विषयगत भेद मानिएको हो ।

## विज्ञान आख्यानको पृष्ठभूमि

विज्ञान आख्यान आधुनिक विज्ञान र भौतिक विकासको वर्तमान स्थिति तथा भविष्यका सम्भावनाबारेको सिर्जनात्मक प्रतिक्रिया स्वरूप आरम्भ भएको हुनाले यसको सम्बन्ध पूर्व-आधुनिक साहित्यसँग देखिँदैन तर साहित्यिक इतिहासकारहरूले विज्ञान आख्यानको इतिहासलाई आधुनिक कालमा मात्र सीमित गर्न चाहेको देखिँदैन । यसमा विधागत पहिचानपछिको समयलाई महत्त्व दिने र विधागत पहिचानपूर्व सचेततापूर्वक नलेखिएका तर प्रवृत्तिगत आंशिक निकटता भएका सिर्जनालाई समेत महत्त्व दिएर इतिहास प्रस्तुत गर्ने दुई धार देखिन्छन् ।

पश्चिमका केही समालोचकले विज्ञान आख्यानको इतिहासलाई पूर्व-आधुनिक साहित्यको लामो परम्परासँग जोड्ने प्रयत्न गरेका छन् । उनीहरू विज्ञान आख्यानको पूर्व इतिहासलाई जोड्दै सिरानो डे बेर्जेराक अफ होमरसम्म पुग्ने गरेको देखिन्छ तर विज्ञान आख्यानका सन्दर्भमा धेरै अध्येताहरू ठोकिने कृति मेरी सेलीको *फ्राङ्किन्स्ट्यान* (सन् १८१८) हो । सेलीको उक्त कृतिलाई आख्यानमा भयको प्रतिक्रियामा विज्ञानको सिर्जनात्मक प्रयोग भएको उत्कृष्ट उदाहरणका रूपमा लिन सकिन्छ (स्टेबलफोड, सन् १९७८, पृ. २०) । स्टेबलफोडका विचारमा विज्ञान आख्यान जस्तो विमर्शात्मक साहित्यको सिर्जनालाई मूलतः चार प्रकारका घटनाले उत्प्रेरित गरेको छ- परिवहनमा क्रान्ति, विकासवादी सिद्धान्त, समाजवादी आन्दोलन र विश्वयुद्धका सन्त्रास (सन् १९७८, पृ. २०) । स्टेबलफोडका यी आधार आधुनिक विज्ञानको विकाससँग सम्बद्ध छन् । आधुनिक विज्ञानका सकारात्मक र नकारात्मक परिणतिहरू ती चार बुँदामा देख्न सकिन्छ । परिवहनमा क्रान्ति, विकासवादी सिद्धान्त र समाजवादी आन्दोलनले मानव समाजका निम्ति विज्ञानको रचनात्मक भूमिकालाई देखाउँछ भने विश्वयुद्धका सन्त्रासले विज्ञानको ध्वंसात्मक चरित्रलाई स्पष्ट गर्दछ । विज्ञान आख्यानमा मूलतः यिनै दुई भावलाई प्रस्तुत गरिएको हुन्छ । यस्तै चरित्रका आधारमा विज्ञान आख्यानको पृष्ठभूमिलाई पहिल्याउनु सान्दर्भिक हुन्छ ।

विधागत पहिचानका दृष्टिकोणले उन्नाइसौँ शताब्दीपूर्व विज्ञान आख्यानले परिचय नपाएको भए पनि उक्त समयमा रचना भएका विभिन्न आख्यानमा अहिलेको विज्ञान आख्यानसँग निकटता राख्ने प्रवृत्तिहरू छरपस्ट रूपमा देख्न सकिन्छ । यदि यस्ता रचनालाई विज्ञान आख्यानको नाम दिने हो भने बेबिलोनीयन महाकाव्य *द इपिक अफ गिलगामेस* (इसापूर्व १८०० तिर) लाई पनि विज्ञान आख्यान मान्नु पर्छ । यसमा कल्पना गरिएको काल्पनिक उडान र त्रासद प्राकृतिक घटनाको चिन्तनका आधारमा यो विज्ञान आख्यान हुन योग्य हुन जान्छ

तर यस किसिमको पश्चदर्शी दृष्टिकोणले विधागत इतिहासलाई लम्ब्याउन सके पनि त्यो अर्थपूर्ण हुनसक्ने भने देखिँदैन । त्यसैले विधागत चेतना नभएका उन्नाइसौँ शताब्दीपूर्वका त्यस्ता रचनालाई विज्ञान आख्यान संज्ञा दिइहाल्नु उपयुक्त देखिँदैन ।

विज्ञान आख्यान हुनका लागि वैज्ञानिक दृष्टिकोण आवश्यक पर्छ । यस दृष्टिकोणमा सामाजिक वा प्राविधिक परिवर्तनका सम्भावना समेटिनु पर्छ । सम्भवतः विश्वलाई हेर्ने वैज्ञानिक र संज्ञानात्मक दृष्टिकोणको विकास सत्रौँ शताब्दीसम्म भएको देखिँदैन (क्लुट र निकोलस, सन् १९९३, पृ. १०६७) । समाज र साहित्यलाई हेर्ने आधुनिक दृष्टिकोणको विकास बितेका दुई तीन शताब्दीको अन्तरमा भएको देखिन्छ । यसपूर्व लेखिएका अधिकांश स्वैरकाल्पनिक सिर्जनाहरू धार्मिक चरित्रका छन् । तिनको लक्ष्य मिथको प्रस्तुतिमा आधारित रहेको छ । ती मिथमा आदर्श र आत्मिक दर्शन अन्तर्निहित छ । त्यसैले त्यस्ता कृतिमा विज्ञान आख्यानको व्यापकतालाई समेट्न खोज्ने दृष्टिकोण विश्वसनीय हुन सक्दैन (मान, सन् २००१, पृ. ७) । यस किसिमका विचारले विज्ञान आख्यानको इतिहासलाई लम्ब्याउने महत्त्वाकाङ्क्षा राख्ने धारणलाई तार्किक रूपमा आलोचना गरेका छन् । यी धारणामा विज्ञान आख्यान हुनका लागि आवश्यक पर्ने वैज्ञानिक दृष्टिकोण र सम्भावनाको परिकल्पनाजस्ता सर्तहरू पनि अभिव्यञ्जित भएका छन् । यसबाट विज्ञान आख्यान आधुनिक कालको विधा हो जुन उन्नाइसौँ, बिसौँ शताब्दीपूर्व सम्भव छैन भन्ने बुझिन्छ ।

साहित्य इतिहासका सन्दर्भमा कुनै एक कृतिलाई इतिहास आरम्भ गर्ने एकल विन्दु निर्धारण गर्न प्रायः कठिन हुन्छ । विज्ञान आख्यानलाई आधुनिक विज्ञान प्रविधिको विकाससँग विशिष्ट रूपमा जोड्ने हो भने मानव समाज र ब्रह्माण्डलाई हेर्ने आधुनिक चिन्तनका सापेक्षतामा यसलाई हेर्नु उपयुक्त हुन्छ । एडम रोबेर्टस् विज्ञान आख्यानको आरम्भ पन्ध्रौँ शताब्दीको उत्तरार्द्धका निकोलस कपर्निकसका चिन्तनबाटै हुने धारणा राख्दछन् । उनका अनुसार यथेष्ट वैज्ञानिक तथ्यका आधारमा ब्रह्माण्डको केन्द्रमा सूर्य रहेको धारणा राखी ब्रह्माण्डमा मानवताको स्थान विषयक सांस्कृतिक धारणालाई परिवर्तन गर्ने कपर्निकसको क्रान्तिकारी धारणाबाट विज्ञान आख्यानको आरम्भ भएको मान्नु पर्छ । कपर्निकसको चिन्तनपछि दुई सय जति आख्यान अन्तरग्रहीय यात्रामा आधारित भएर लेखिएका छन् । जोन केप्लरको *अ ड्रिम अर लुनार एस्ट्रोनमी (सन् १६३४),* फ्रान्सिस गुविनको *द म्यान इन द मुन अर अ डिस्कोर्स अफ अ भोयज थिथर बाइ डोमिङ्गो गोन्जालेस द स्पिडी म्यासेन्जर (सन् १६३८),* सिरानो डे बेर्जेराकको *द अदर वोल्ड अर द स्टेटस् एन्ड इम्पायर अफ मुन ( सन् १६५७),* डेनियल डिफोको *द कन्सिलिडेटर अर मेमोरस् अप सन्डे ट्रान्स्याक्सनस् फ्रम त वोल्ड इन द मुन (सन् १७०५)* जस्ता आख्यानलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । वैज्ञानिक रोमान्समा आधारित यी सबै आख्यानको मूल गन्तव्य चन्द्रग्रह रहेको देखिन्छ । यी कृतिका कल्पनाले आजको वैज्ञानिक दृष्टिलाई पक्कै पनि आकर्षित गर्दछन् तथापि ती आख्यानमा प्रस्तुत विज्ञानका सिद्धान्त धर्मको नयाँ सिद्धान्तको गहिराइमा अलमलिएका छन्, जसलाई पुनर्जागरण र सुधारमा आधारित सांस्कृतिक अवधारणाका रूपमा लिन सकिन्छ । तीमध्ये कुनै पनि कथालाई भौतिकवादी वा धर्मनिरपेक्ष भन्न सकिँदैन (रोबेर्टस्, सन् २००९, पृ. ३-१२) । सत्रौँ शताब्दीमा विज्ञान आख्यान भन्न सकिने सयौँ कृतिको रचना भएको ठहर गर्ने रोबेर्टस्ले तिनलाई विज्ञान आख्यानकै रूपमा किटान भने गरेका छैनन् । उनी ती कृतिलाई विज्ञान आख्यानको लामो पृष्ठभूमिसँग जोड्न चाहन्छन् । अठारौँ र उन्नाइसौँ शताब्दीमा पनि विज्ञान आख्यानका वर्तमान चरित्र छरिएर भेटिने सयौँ कृति

रचना भएको पाइन्छ । धार्मिक सङ्कीर्णतामा बाँधिएका तर विस्तृत अर्थमा मानव अस्तित्वको चिन्ता र अनिश्चिततासँग ती आख्यान जोडिएका छन् । बिसौँ, एक्काइसौँ शताब्दीको विज्ञान आख्यान सत्रौँ शताब्दीको आख्यानकै निरन्तरता होइन तर आधुनिक विज्ञान आख्यानलाई विधागत पहिचान र स्वरूप प्रदान गर्न पूर्व परम्पराले निर्वाह गरेको भूमिकालाई अवमूल्यन गर्न भने सकिँदैन ।

## मेरी सेलीको फ्राङ्किन्स्ट्यान र विज्ञान आख्यानको आरम्भ

मेरी सेलीको *फ्राङ्किन्स्ट्यान अर द मोर्डन प्रमिथम* (सन् १८१८) उपन्यास विज्ञान आख्यानको इतिहासका सन्दर्भमा अधिकांश समालोचकहरूको ध्यानाकर्षण गर्ने कृति हो । ब्रायन एल्डिस र डेभिड विनग्रोभ विज्ञान आख्यान सेलीको *फ्राङ्किन्स्ट्यान*बाट आरम्भ भएको धारणा राख्छन् (सन् २००१, पृ. vii) । उनीहरूको विचारमा सहमत हुनपर्ने केही कारणहरू छन् र ती कारणहरूप्रति सहमत पनि हुन सकिन्छ । यस आख्यानको मूल पात्र फ्राङ्किन्स्ट्यान समकालीन विज्ञान र प्रविधिमा गहिरो रुचि देखाउँछ अनि त्यसको प्रयोगमा उत्साहित हुन्छ । यसले गर्दा फ्राङ्किन्स्ट्यान अन्य स्वैरकाल्पनिक साहित्यभन्दा चिन्तनगत दृष्टिले भिन्न कृतिका रूपमा देखा पर्छ । त्यस बेलाका अन्य आख्यानजस्तै फ्राङ्किन्स्ट्यान पनि काव्य, मिथक र दर्शनमा आकर्षित देखिन्छ तर यसले भिन्नै किसिमको वैज्ञानिक आयामलाई संयोजन गरेको छ । यो गोथिक शैलीमा आधारित छ तर सेलीले दानवलाई विश्वसनीय बनाउन समकालीन वैज्ञानिक चिन्तनको उपयोग गरेकी छन् । आख्यानको राक्षस दैवी एकाइ नभई मानव निर्मित जीवका रूपमा देखा पर्छ र त्यसलाई विद्युतीय ऊर्जाले अस्तित्वमा ल्याउँछ । यसमा धार्मिक चिन्तनलाई आकर्षित गर्ने जादु वा रहस्य तत्त्वको आह्वान देखिँदैन । यसमा जीवनको रहस्य खोल्ने कुञ्जी धर्म नभई विज्ञान बनेको छ । त्यसैले सेलीको उक्त उपन्यास आख्यानमा विश्वसनीय वैज्ञानिक चिन्तनको खोजी गर्ने साहसिक कदम बन्दै आगामी सम्भावना खोजका लागि स्वयम् प्रज्ज्वलित बनेको छ (मान, सन् २००१, पृ. ८) । यसले उक्त कृतिले विज्ञानको नवीन प्रयोगका साथै त्यसका सम्भावना र सन्त्रास दुवैलाई एकैसाथ प्रस्तुत गरेको छ । दीर्घकालीन परिणाम र प्रभावको आकलन नगरी गरिने वैज्ञानिक खोज र त्यसको प्रयोगले निम्त्याउन सक्ने जोखिमलाई समेत यस कृतिले पुष्टि गरेको छ । त्यसैले विषयवस्तु र चिन्तनका दृष्टिले आधुनिक विज्ञान आख्यानको आरम्भ गर्ने कृतिका रूपमा *फ्राङ्किन्स्ट्यान*लाई स्वीकार्न सकिन्छ ।

## भर्ने, वेल्स, ग्रिनबक र विज्ञान आख्यानको विस्तार

जुल्स ग्याब्रियल भर्ने (सन् १८२८-१९०५), हर्बट जर्ज वेल्स (सन् १८६६-१९४६), ह्युगो ग्रिन्सबक (सन् १८८४-१९६७), जोन उड क्याम्पवेल (सन् १९१०-१९७१) विज्ञान आख्यानको विकास, विस्तार र विधागत पहिचानका सन्दर्भमा तुलनात्मक रूपमा बढी जोडिने नाम हुन् । यी नामलाई विज्ञान आख्यानका संस्थापकका रूपमा पनि जोड्ने गरिएको छ ।

जुल्स भर्ने, एच.जी. वेल्सजस्ता कथाकारका प्रवृत्तिका आधारमा ह्युगो ग्रिन्सबकले विज्ञान आख्यानलाई विधागत

पहिचान दिएका हुन् । जुल्स भर्नेका कथामा मिसाइल, हवाइजहाज, टेलिभिजन लगायतका आधुनिक उपकरणको आविष्कारबारेका भविष्यवाणी देख्न सकिन्छ । यिनका कथाले पाठकलाई उत्तिकै महत्त्वका साथ पृथ्वीभित्र र बाहिरको यात्रा गराउँछन् (हेमिल्टन, सन् १९५९, पृ. १०) । *जर्नी टु द सेन्टर अफ द अर्थ (सन् १८६४), फ्रम द अर्थ टु मुन (सन् १८६५), ट्वान्टी थाउजेन्ट लिग अन्डर द सी (सन् १८७०)* उनका मुख्य आख्यान कृति हुन् । यिनमा उनले वैज्ञानिक प्रक्रियाद्वारा सम्भव हुनसक्ने यात्रा वर्णन गरेका छन् । भर्नेले आधुनिक विज्ञान प्रविधिको लाभलाई सकारात्मक रूपमा प्रोत्साहन गरेका छन् (मान, सन् २००१, पृ. ३०४) । एच.जी. वेल्सको *द टाइम मेसिन* (सन् १८९५) लाई विज्ञान आख्यानको एक कोशेढुङ्गा नै मानिन्छ । समकालीन समाजका परिप्रेक्षमा यो कृति विचारोत्तेजक देखिन्छ । यसले अस्तित्वका निम्ति मानिस कसरी विज्ञान प्रविधिको प्रयोगमा आयो भन्ने कुराको खोज गरेको छ । त्यस्तै उनका एलियन आक्रमणको कल्पनामा आधारित *द वार अफ द वर्ल्ड* (सन १८९८) तथा *द फ्रस्ट म्यान इन द मुन (सन् १९०१), द कम्प्लिट स्टोरिज् अफ एच.जी. वेल्स (सन् १९८५)* लगायतका आख्यान कृतिहरू पनि प्रकाशित छन् । वेल्सका अधिकांश मान्यता र विचार उनीपछिका कैयौँ लेखकले अपनाएका छन् (मान, सन् २००१, पृ. ३१४-१५) । यसै क्रममा विद्युत् तथा रेडियो प्रविधिमा निकै रुचि राख्ने ह्युगो ग्रिन्सबकले विज्ञान आख्यानलाई विधागत विशिष्टताका आधारमा पहिचान गर्ने ऐतिहासिक कार्य गरेको देखिन्छ । उनले समकालीन लोकप्रिय आख्यान परम्परामा भिन्न चरित्रसाथ देखापरेका कथालाई भिन्नै आधार दिएका छन् । उनले सन् १९२६ देखि सम्पादन तथा प्रकाशन गरेको *अमेजिङ स्टोरिज्* नामक पत्रिकालाई विज्ञान कथामा समर्पित अङ्ग्रेजी भाषाको पहिलो पत्रिका मानिन्छ । यही पत्रिकाका माध्यमबाट उनले नवोन्मेष विज्ञान कथालाई परिभाषित र स्थापित गर्ने काम गरेको हुन् । आधुनिक सन्दर्भमा साइन्टिफिक्सन, साइन्स फिक्सनजस्ता पदावलीको प्रयोगकर्ताको श्रेय पाएका ग्रिन्सबक विज्ञान आख्यानलाई आविष्कारको माध्यम बनाउन चाहन्छन् (क्लुट र निकोलस, सन् १९९३, पृ. ९२१) । ग्रिन्सबकले भिन्न विषय र शैली भएका कथालाई छुट्टै आधार र पहिचान दिनपर्ने कुराको महसुस मात्र गरेका छैनन्, यसलाई स्थापित गर्नका लागि वैज्ञानिक चिन्तनको विमर्श भएका एच.जी वेल्स, जुल्स भर्ने, एडगर एलेन पोपूर्व प्रकाशित कथालाई पुनः प्रकाशन गर्ने तथा विज्ञान कथामा समर्पित पत्रिकाको सुझबुझपूर्ण सम्पादन र प्रकाशन गर्ने ऐतिहासिक जिम्मेवारी पनि पूरा गरेको छन् (मान, सन् २००१, पृ. ३५) । उनको *राल्फ १२४ सि ४१+ (सन् १९११)* शीर्षकको विज्ञान उपन्यास र अन्य विज्ञान कथाका साथै विज्ञान र प्रविधिबारेमा गैरआख्यानात्मक लेखहरू पनि प्रकाशित छन् । भर्ने, वेल्स, ग्रिनबकका सिर्जना तथा सुझबुझपूर्ण सम्पादन, प्रकाशन र विज्ञान प्रविधिलाई हेर्ने सकारात्मक दृष्टिसहितका कार्यबाट विज्ञान आख्यानले विस्तारित हुने राम्रो अवसर पाएको देखिन्छ ।

## क्याम्पवेल र स्वर्ण युग

जोन डब्लु क्याम्पवेल कुशल सम्पादक र प्रतिभावान् लेखक हुन् । उनी विज्ञान आख्यान प्रौढ विषय र वास्तविक वैज्ञानिक चिन्तनमा आधारित होस् भन्ने विचार राख्छन् । क्याम्पवेल *एस्टाउन्डिङ स्टोरिज्*को सम्पादकको भूमिकामा आएपछि विज्ञान कथाको स्वर्ण युग आरम्भ भएको मानिन्छ । विशेष गरी सन् १९४० को दशकको उत्तरार्द्ध र पचासको दशकको पूर्वाद्धको समयमा विज्ञान आख्यानले सिर्जनात्मक उचाइ प्राप्त

गरेको देखिन्छ । यतिबेला *एस्टाउन्डिङ स्टोरिज्* नाम *एस्टाउन्डिङ साइन्स फिक्सन*मा परिवर्तन हुन्छ । क्याम्पवेल यसका सम्पादक बन्छन् । नामको परिवर्तनसँगै यसमा प्रकाशित हुने कथाको विषयवस्तु र चिन्तनमा पनि व्यापक परिवर्तन आउँछ । क्याम्पवेलले कथाकारलाई तार्किक र प्रौढ लेखनका लागि उत्प्रेरित गर्छन् । यसमा प्रकाशित अधिकांश कथाहरू विज्ञानका अभिन्न अङ्ग बन्छन् । विज्ञान आख्यानमा क्याम्पवेलको प्रभाव लेखाजोखा गर्न कठिन छ तथापि अधिकांश लेखकहरू उनलाई बौद्धिक र सुसङ्गत विज्ञान आख्यान लेखनका उत्प्रेरकका रूपमा मात्र लिँदैनन्, आख्यानमा विज्ञानका वास्तविक विचारलाई महत्त्व दिने लेखकको श्रेय पनि दिन्छन् । त्यसैले विज्ञान आख्यानको स्वर्णकाल उनको सम्पादकीय कौशलको साक्षी बनेको पाइन्छ (मान, सन् २००१, पृ १४) । उनका *द माइटिज् मेसिन* (सन् १९४७), *द इन्क्रेडिबल प्लानेट* (सन् १९४९), *द मुन इज हेल* (सन् १९५१), *द बेस्ट अफ जोन क्याम्पवेल* (सन् १९७३) जस्ता आख्यान कृति प्रकाशित छन् । वास्तवमा यी लेखकहरूको लेखन, सम्पादन तथा प्रकाशनको जिम्मेवारपूर्ण भूमिकाले नै विज्ञान आख्यानलाई स्थापित गर्न मदत पुगेको देखिन्छ । यी लेखकहरूले महत्त्व दिएका तार्किक र प्रौढ विषयवस्तु, वैज्ञानिक आविष्कार र प्रयोगका प्रभावबारेका धारणाहरू, अज्ञात स्थानको यात्रा, नयाँ सभ्यताको खोजीजस्ता विषयवस्तुहरूले विज्ञान आख्यानको परम्परामा दीर्घकालीन प्रभाव पारेका छन् ।

## आख्यानकेन्द्री पत्रपत्रिको प्रकाशन र समाज विज्ञानको प्रभाव

विज्ञान आख्यानको विकास र विस्तारका सन्दर्भमा तत्कालीन पत्रपत्रिका प्रकाशनको भूमिका महत्त्वपूर्ण छ । ह्युगो ग्रिन्सबकद्वारा सम्पादित प्रकाशित *अमेजिङ स्टोरिज्* (सन् १९२६) लाई विज्ञान कथामा समर्पित पत्रिका मानिन्छ र यो समयान्तरमा *एस्टाउन्डिङ स्टोरिज्, एस्टाउन्डिङ साइन्स फिक्सन, एनालग*जस्ता नाममा परिवर्तन हुँदै निरन्तर प्रकाशन भएको देखिन्छ । यस क्षेत्रमा *एयर वोन्डर स्टोरिज्* (सन् १९२९), *कस्मिक स्टोरिज्* (सन् १९४१), *ग्यालेक्सी साइन्स फिक्सन म्यागजिन* (सन् १९५०) लगायत दुई सयभन्दा बढी पत्रपत्रिका प्रकाशित भएको देखिन्छ (आस्ले, सन् १९७८, पृ. ५०-६८) । यी पत्रपत्रिकामा सन् १९५० को दशकसम्म प्रकाशित विज्ञान आख्यानमा वैज्ञानिक चिन्तनलाई महत्त्व दिएको भए पनि साठीको दशकदेखि क्रमशः सामाजिक चिन्तनमा आधारित कथाले पनि प्राथमिकता पाउन थालेको देखिन्छ । सयौँ पत्रपत्रिकाको प्रकाशनले विज्ञान आख्यानको परम्परालाई डोऱ्याएका मात्र छैनन्, ती विधागत पहिचानसहित विज्ञान आख्यानलाई परिभाषित गर्ने तथा नवीन विषयको अन्वेषण र प्रकाशन गर्ने आधारस्तम्भ नै बनेका छन् ।

## निष्कर्ष

पश्चिमी साहित्यमा विज्ञान आख्यानको लामो परम्परालाई समेट्ने प्रयत्न भएका छन् तथापि मेरी सेलीको *फ्राङकिन्स्ट्यान* (सन् १८१८) लाई विज्ञान आख्यान आरम्भ गर्ने पहिलो कृति मान्ने तर्क नै बलियो रहेको छ । यस कृतिमा आविष्कारका सम्भावना र सन्त्रास दुवैलाई तार्किक र वैज्ञानिक चिन्तनका आधारमा प्रस्तुत गरिएको छ । विज्ञान आख्यानको विकास र विस्तारमा जुल्स ग्याब्रियल भर्ने, एच.जी. वेल्स, ह्युगो ग्रिन्सबक,

जोन डब्ल्यु क्यापवेललाई विशेष रूपमा उल्लेख गर्ने गरिन्छ । कुशल सम्पादक र प्रतिभाशाली स्रष्टा व्यक्तित्व भएका यी चारै जना विज्ञान आख्यानकारले जुन दिशामा विज्ञान आख्यानलाई डोऱ्याएका छन् त्यो विज्ञान आख्यानको विधागत पहिचानका लागि महत्त्वपूर्ण आधार बनेको छ । उनीहरूका कार्यमा विज्ञान आख्यानलाई कला र वैज्ञानिक अन्तर्वस्तुको सन्तुलनलाई महत्त्व दिइएको छ । विभिन्न समयमा प्रकाशन भएका विज्ञान आख्यानकेन्द्री पत्रपत्रिकाले यस परम्परालाई सबल बनाउन मदत गरेका छन् । यसरी हेर्दा पाश्चात्य सन्दर्भमा विज्ञान आख्यानको विकासको सन्दर्भमा मूलतः माथि प्रस्तुत गरिएका चार मोडहरू देखापर्छन् । तिनै मोडहरूमा विज्ञान आख्यान क्रमशः विकसित र विस्तारित हुँदै आएको छ ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत लेख मेरो विद्यावारिधि शोधप्रबन्ध *नेपाली विज्ञान कथामा स्वैरकल्पना*मा आधारित छ । उक्त शोधकार्यका निम्ति मलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, भक्तपुरलाई कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री सूची

एल्डिस, ब्रायन र विनग्रोभ डेभिड/Aldiss, B. & Wingrove, D. (2001). *Trillion year spree: The history of science fiction.* House of Stratus.

आस्ले, माइकल/Ashley, M. (1978). Pulps and magazines: The history of the comics. In H. Robert (Ed.), *Encyclopaedia of science fiction* (pp. 50-67). Octopus Books Limited.

क्लुट, जोन र निकोलस, पेटर/Clute, J. & Nicholls, P. (1993). *The encyclopaedia of science fiction*. ST. Martin's Press.

मान, जर्ज/Mann, G. (Ed.). (2001). *The mammoth encyclopaedia of science fiction.* Robinson.

रोबेर्टस्, एडम/Roberts, A. (2009). The copernican revolution. In M. Bould, A. M. Butler, A. Roberts & S. Vint (Eds.), *The routledge companion to science fiction* (pp. 3-12). Routledge.

श्रेष्ठ, दयाराम (२०६६). *अभिनव कथाशास्त्र.* पालुवा प्रकाशन प्रा. लि. ।

स्टाबेलफोड, ब्रायन/Stableford, B. (2009). *A to Z of fantasy literature.* The Scarecrow Press.

हाइलेन, रोबेर्ट ए/Heinlein, R. A. (1977). Science fiction: Its nature, faults and virtues. In D. Knight (Ed.), *Turning points: Essays on the art of science fiction (pp. 3-28).* Harper and Row Publishers.